स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



देशकै ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्सले दुई वर्षदेखि व्यापारको आधारमा फिल्मलाई 'सुपरहिट" र "ब्लकबस्टर" घोषणा गर्दै आइरहेको छ। कुनै फिल्मले यो चेनमा तीन दिनमा १ करोड ५० लाख कमाए "ब्लकबस्टर" र पहिलो साता सोही बराबर कमाए "सुपरहिट"को ट्याग पाउँछ। पछिल्लोपटक क्यूएफएक्सले फिल्म "पूर्णबहादुरको सारङ्गी"लाई "सुपरहिट"को मान्यता दिएको थियो। करिब ७ महिनापछि क्यूएफएक्स चेनले अर्को नेपाली फिल्मलाई "सुपरहिट" घोषणा गरेको छ ।

आजको विचार...



मानिस....
(दुई पेजमा)

प्रा.देवीभक्त ढकाल



लेखक तथा अभिनेता खगेन्द्र लामिछानेका प्रसंशक धेरै छन्। पछिल्लो समय लेखनभन्दा अभिनयमा सक्रिय उनी अभिनीत फिल्म "के घर के डेरा: घर नं. २" हलमा लागिरहेको छ। यही बिहीबारदेखि उनको नयाँ फिल्म "महाभोज" प्रदर्शनमा आउँदैछ। जस्तोसुकै पात्रमा पनि इमानदारीपूर्वक अभिनय गर्ने भएकाले पनि उनलाई दर्शकहरूले रुचाउँछन्। उनी फिल्ममा अभिनय गर्नुअघि पात्रको तयारी कसरी गर्छन्, जसले उनको अभिनय मौलिक देखिन्छ।

❒ वर्ष ३० ❒ अंक ३०२ ❒ २०८२ जेठ १४ गते बुधबार 28 May 2025, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# गाउँमा घर छन्, मान्छे छैनन्

*पहिले गाउँमा विकास पुगेको थिएन, स्थानीय दुःख गरेर पनि गाउँमै बस्थे । अहिले गाउँ–गाउँमा टोल–टोलमा विकास पुगेको छ, मान्छे छैनन् । गाउँमा ढुङ्गा, माटो र काठले चिटिक्क बनेका घर रित्तिएर सुनसान बन्दै गएका छन् । खेतीयोग्य जमिन वनमाराले ढाकिन थालेका छन् । पहिले सामान्य सेवा लिन दिनभरि लगाएर बजार धाउनुपर्थ्यो तर अहिले त्यो अवस्था हटे पनि गाउँमा मान्छे बस्न छोड्दै छन् ।*

**रामचन्द्र रायमाझी/रासस** ——

**तानसेन (पाल्पा), जेठ १३**/तिनाउ गाउँपालिका कचलकी ८१ वर्षीया चन्द्रकुमारी बगालेलाई हिजोआज दिन बिताउन निकै गाह्रो भएको छ । बुढेसकाल लागेपछि गाह्रो काम गर्न सक्दिनन् । घरको सामान्य काम गरेर दिन बित्दैन । दुःख सुःखका कुरा गर्ने वरपरका छरछिमेकीका घर सुनसान बन्दै गएका छन् । छिमेकी धमाधम बसाइँसराइ गरी बजार झर्न थालेपछि चन्द्रकुमारीले एक्लो महसुस गर्दै छिन् ।

तानसेन अर्चलेका रामबहादुर बस्याललाई पनि हिजोआज पुरानो गाउँले दिनको सम्झनाले हुरुक्कै बनाउँछ । नबनाओस् पनि किन, ५०/६० घरधुरी थियो, गाउँमा उर्वरभूमि थियो । हरेकले आफूलाई पुग्ने खाद्यान्न र तरकारी फलाउँथे । सबैजसोका बारीमा फलफूल थिए । वस्तुभाउ पाल्नको लागि दुःख थिएन तर समयको त्यो चित्र हेर्दाहेर्दै धमिलो बन्दै गयो । एक दशकयता एकपछि अर्को गर्दै छिमेकीहरु बसाइँसराई गरी तराई र शहरतिर गए । उनका जवानीमा सँगसँगै मेलापात र घाँसदाउरा गरेका दौंतरी अधिकांश गाउँ छोडेर बसाइँ सरेका छन् । एक समय थियो, बगनासकाली गाउँपालिकाको चापपानीमा





सधैँ चहलपहल हुन्थ्यो । गाउँको मन्दिरमा सधैँ भजनकीर्तन चल्थ्यो । आँगनमा बुढापाका गफिइरहेका भेटिन्थे तर गाउँको त्यो रौनक समयक्रमसँगै कथा बन्दै गयो ।

पढेलेखेका जागिरको खोजीमा सहर पस्न थाले । कोही बसाइँ सरेर बजार र तराई झर्न थाले । गाउँको रौनक हराउँदै गयो । मान्छेको चहलपहल पातलिँदै गयो । भजनकीर्तनको स्वर घट्दै गयो । अहिले यहाँका दर्जन बढी घर सुनसान छन् । ढुङ्गाका छानामा झार उम्रेका छन् । आँगनमा हरियो लेउ, झाडी देखिन्छ । खनजोत गरेर उब्जाउ हुने बारीका पाटा जङ्गल जस्तो भएका छन् । "गाउँमा घर छन्, मान्छे छैनन्" स्थानीय लक्ष्मी तिमिल्सेनाले भनिन्, "गाउँघरमा तर्साउने अवस्था आइसक्यो ।"

बसाइँसराइले गाउँ रित्तो बन्दै गएको बताउने उनले मान्छे हिँड्न छाडेपछि स–साना गोरेटाहरू पनि हराउँदै जान थालेको बताइन् । यो अवस्था कचल, अर्चले र चापपानीको मात्र होइन सिङ्गो पाल्पाका अधिकांश ग्रामीण क्षेत्रहरु यति बेला खाली छन् । सुविधा र अवसरको खोजीमा शहर वा तराईमा बसाइँसराइ बढेपछि यहाँका घरहरु खाली भएका हुन् । गाउँमा तीव्र गतिमा विकास हुन थाले पनि यहाँका ग्रामीण बस्तीहरू रित्तिँदै गएका छन् ।

*-बाँकी अन्तिम पेजमा...*

## सक्षिप्त समाचार

### आक्रमणमा ३० भन्दा बढीको मृत्यु



**(रासस/एएफपी)** ——

**जोस, जेठ १३**/नाइजेरियाको बेन्यु राज्यको ग्वेर वेस्ट क्षेत्रमा शुक्रबारदेखि आइतबारसम्म तीनवटा गाउँमा भएका श्रृङ्खलाबद्ध आक्रमणमा ३० भन्दा बढी मानिसको ज्यान गएको छ ।

आइतबार अओन्डाना गाउँमा मात्रै कम्तीमा २० जनाको ज्यान गएको र अन्य गाउँहरूमा पनि १० जना भन्दा बढीको मृत्यु भएको जनाइएको छ । स्थानीय बासिन्दा रुथी डान सामका अनुसार केही पीडित दुई वर्ष मुनिका बालबालिका समेत थिए, जसले घटनालाई अझ दर्दनाक बनाएको छ । घटनामा मारिएका केहीलाई घटनास्थलकै नजिकै गाडिएको र छिमेकी गाउँहरूमा समेत आक्रमण भएको जनाइएको छ । घटनाको अनुसन्धान जारी रहेको छ ।

# टोलविकास संस्थाका पदाधिकारीलाई अनुशिक्षण

**पाल्पा, जेठ १३**/जिल्लाको रामपुरमा टोलविकास संस्थाका पदाधिकारीहरुलाई अनुशिक्षण प्रदान गरिएको छ । रामपुर नगरपालिकाको आयोजनामा अनुशिक्षण प्रदान गरिएको हो ।

लक्षित वर्ग तथा टोल विकास संस्थाका महिलाहरुलाई लैङ्गिक समानता सामाजिक समावेशीकरण र लैङ्गिक उत्तरदायी बजेट छनौट प्रक्रिया तथा सबै प्रकारका दुर्व्यवहार सम्बन्धी २ दिने अनुशिक्षण प्रदान गरिएको छ । कार्यवहाक नगर प्रमुख तथा उपप्रमुख बाल कुमारी थापाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमुखी बजेट निर्माण गरि नगरपालिकाले कार्यान्वयन गर्दै आएको बताइन् । उनले योजना संकलन गरी बजेट निर्माण गर्दा लैससासलाई समेटेर तयार गरिएको बताइन् । योजना संकलन र बजेट निर्माणमा सहज होस् भन्ने उद्देश्यले टोल विकास संस्थाका पदाधिकारीहरुलाई यो कार्यक्रम आयोजना गरिएको उनको भनाई । उपप्रमुख थापाले टोल–टोलमा योजना संकलन गर्दा लैससासलाई समेटेर छनौट गर्न आग्रह गर्दै लैङ्गिक उत्तरदायी बजेट निर्माणमा सहयोग गर्न आग्रह गरिन् । नगर प्रवक्ता कपिल बहादुर खाँणले समाजका सबै क्षेत्र र समुदाय समेटिने गरि योजना तथा बजेट निर्माण गर्नु पर्ने आवश्यकता औँल्याए । उनले जनताको आवश्यकतालाई मात्र नभई लैससासको सूचक पुरा गर्ने गरि कानुनले निर्दिष्ट अधिकार क्षेत्र भित्र रही योजना तय गर्नु पर्ने बताए । कार्यक्रममा नगरभित्रका १० वटै वडाभित्र रहेका टोल विकास संस्थाका पदाधिकारीहरुको सहभागिता रहेको थियो । सोमबार र मंगलबार दुई दिन भएको हो ।

कार्यक्रमको सहजिकरण रामपुर नगरपालिकाका प्रशासन शाखा अधिकृत युवराज पन्थी,आलेप अधिकृत फदेयश पन्थी,योजना शाखा प्रमुख विक्रम बस्नेत,महिला तथा बालबालिका शाखा प्रमुख पुजा परियारले गरेका थिए । न्यायिक समिति सचिवालय सचिव पार्वती परियारको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# 'पाल्पा अस्पतालको विकासका लागि सहकार्य गरेर अगाडि बढ्छु'

**पाल्पा, जेठ १३**/पाल्पा अस्पताल विकास समितिका नवनियुक्त अध्यक्ष अजयमान कर्माचार्यले अस्पतालको विकासका लागि सबैसँग सहकार्य गरेर अगाडि बढने बताएका छन् । मंगलबार पदभार ग्रहण गर्दै कर्माचार्यले अस्पतालको विकासका लागि सबैसँग हातेमालो गर्दै आवश्यक सल्लाह लिएर अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गरेका हुन् ।



उनले समितिको एक्लो प्रयासले मात्रै अस्पतालको विकास नहुने भएकोले सल्लाह–सुझाव, सहकार्य र सहभागितामा नै आफू अगाडि बढ्ने बताए । अध्यक्ष कर्माचार्यले आफ्नो एउटा मात्रै दृष्टिकोण अस्पतालको भवन निर्माण गर्ने रहेको उल्लेख गरे । उनले भने "अस्पतालको भवन अहिलेको मुख्य आवश्कता हो , त्यसलाई प्राथमिकतामा राखेर काम गर्ने छु । यस अघिको टिमले भवन निर्माणको प्रयास गरे पनि जग्गा प्राप्तिमा केही कानुनी अड्चनका कारण अगाडि बढ्न सकेन, यो जनताको अस्पताल भएकाले जसरी भए पनि जग्गाको व्यवस्था गरी भवन निर्माण गरेरै छाड्ने छु ।" अघिल्लो नेतृत्वले गर्न बाँकी रहेका कामहरुलाई स्टिकली गर्ने समेत उनले प्रतिवद्धता जनाए । अध्यक्ष कर्माचार्यले इमान्दारिताका साथ काम गर्ने कर्मचारीलाई कुनै समस्या नहुने बताए । कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख टंकनाथ खनालले दलीय व्यवस्थामा संघ संस्थामा नेतृत्व परिवर्तन हुनु कुनै नौलो काम नभए पनि नेतृत्व चिरस्थायी नहुँदा ठूलो समस्या भोग्नु दुखद् भएको बताए । उनले कोही जाने र आउने कुरा स्वाभाविक भएको भन्दै आउने हर्षित हुनुपर्ने र जाने दुखी हुन नपर्ने बताए । प्रमुख खनालले कामका आधारमा नेतृत्व स्थापित हुनुपर्नेमा जोड दिए । तानसेन नगरपालिकाकी उपप्रमुख प्रतिक्षा गाहा सिंजालीले छोटो समयमा अस्पतालको नेतृत्व फेरबदल गर्ने माथिबाट जुन प्रचलन छ त्यसले पाल्पामा मात्र नभई देशैभरका अस्पतालमा असर पुऱ्याएको बताइन् । उनले पाल्पा अस्पतालको विकासमा नगर सरकारले आवश्यक सहयोग गर्ने समेत प्रतिवद्धता व्यक्त गरिन् । प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले अस्पतालमा थुप्रै समस्या भएकाले त्यसको समाधानका लागि अस्पताल विकास समितिलाई सबैको सहयोग जरुरी रहेको बताए । उनले कानुनी अड्चनका कारण जग्गा प्राप्तिमा समस्या भएकाले भवन निर्माणको कार्य अगाडि बढ्न नसकेको उल्लेख गरे । अस्पताल विकास समितिका निवर्तमान अध्यक्ष गुराँस आत्रेयले आफुले जति समय जिम्मेवारी पाए त्यति समयसम्म अस्पतालको विकासमा सक्रिय भएर लागेको बताए । उनले आफुले अस्पतालको गुणस्तरियतामा धेरै सुधार गरेको उल्लेख गर्दै कार्यकाल नसकिदै जिम्मेवारीबाट बाहिरिनु परे पनि अस्पतालको विकासमा आफ्नो सहयोग सदैव रहने उल्लेख गरे । अस्पतालका निमित्त मेडिकल सुपरिटेण्डेण्ट डा. राजेन्द्र पौडेलले अप्रेसन थ्रेटर अस्पतालका लागि आवश्यक रहेकाले नयाँ समितिले ध्यान दिनुपर्ने बताए । प्रदेश मन्त्रालयले विकास समितिको सदस्यमा शशी श्रेष्ठलाई मनोनीत गरेको छ । अध्यक्ष अजयमान कर्माचार्यको अध्यक्षता, नर्सिङ्ग अधिकृत लक्ष्मी जिसी कार्कीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## समयमै सम्पन्न गराऔं विकास आयोजना

**नेपालमा विकास आयोजनाहरू समयमै सम्पन्न हुँदैनन् भन्ने भाष्य स्थापित भइसकेको छ । व्यवहारमा पनि यस्तै देखिन्छ । ऐतिहासिक, राजनीतिक, आर्थिक, सामाजिक र भौगोलिक कारकहरूले प्राय: देशमा विकास आयोजना र नीतिहरूको प्रभावकारी कार्यान्वयनमा बाधा पुर्‍याएका छन् । नेपालको कमजोर सुशासन र सहायता प्रवाहमा पारदर्शिताका मुद्दाहरू भएकाले त्यस्ता गतिविधिहरूले आयोजनाहरूको प्रभावकारी कार्यान्वयनको कमी मात्र होइन सधैं ढिलाइ समेत हुने गरेको छ । खासगरी वैदेशिक सहायताबाट सञ्चालित केही आयोजनाहरू गलत बुझाइ वा वैदेशिक सहायताको उद्देश्य बुझ्न नचाहने कारणले असफल भएका छन् ।**

**हरेक आयोजना शुरु हुन्छन्, शिलान्यासका फोटो खिचिन्छन्, ठेकेदार छनोट हुन्छन् तर काम भने समयमा सकिँदैन । समयमै आयोजनाहरु सम्पन्न नहुनु वर्षौंदेखिको समस्या हो । आयोजनाको शुरुवातदेखि अन्त्यसम्मका हरेक चरणमा प्रभावकारी अनुगमन नहुँदा समयमै काम नहुने समस्या दोहोरिनु दुखद् हो । अनुगमनको नाममा औपचारिकता पूरा गर्नु नियती नै बनेको छ । कतिपय अवस्थामा अनुगमन गर्ने पक्षहरु आयोजनास्थलमै नगई प्रतिवेदन तयार गर्छन् । यसको फाइदा ठेकेदारले उठाउँछन् । जो प्राय: राजनीतिक संरक्षणमा हुर्किएका हुन्छन् । वास्तविक समस्या भनेको योजनाहरुमा हुने मिलेमतोको संस्कृति हो । कतिपय ठेकेदार समयमै काम सक्दैनन्, तर तिनलाई न त सोधपुछ गरिन्छ, न कारबाही । जसले गर्दा आयोजनाहरु समयमै सकिदैनन् । अब सरकारी निकाय ठेकेदारहरुमाथि कठोर बन्नै पर्छ । सरकारले ढिलासुस्ती गर्ने ठेकेदारहरूमाथि प्रस्ट स्पष्टीकरण माग्नुपर्छ । पटक-पटक म्याद थप्ने गलत अभ्यास तुरुन्त बन्द गर्नुपर्छ । काम नगर्ने, लापरबाही गर्ने ठेकेदारलाई कालोसूचीमा राखेर अर्को अवसर नदिने गरी कडा व्यवस्था अपनाउनुपर्छ । यसो गर्न सके मात्र विकासका आयोजनाहरु समयमै सम्पन्न हुन्छन् । अन्यथा यस्तो प्रवृत्ति देश विकासको ठूलो बाधकका रुपमा देखा पर्ने छ ।**

### Opinion @ Social Network

मान्छेहरु को अमुल्य चिज नै सास हुने गर्छ सास छ त जिन्दगी छ,
अनि जिन्दगी छ त सबै चिज छ ।


*(जीवन आलेकोफेसबुक स्टाटसबाट https://www.facebook.com/ale.jiban)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# मानिस होइन समय बलवान् हुन्छ



प्रा.देवीभक्त ढकाल

सहयोग र संघर्ष सामाजिक जीवनका दुई अभिन्न र महत्वपूर्ण क्रियाकलाप हुन् । सहयोग शब्दले प्रेम, त्याग, सद्भावका साथै अपनत्वको भाव प्रकट गदर्छ भने 'संधर्ष' शब्दले हक वा अधिकारको प्रतिनिधित्व गर्दछ । सहयोग, संघर्षका परिघटनाले समाजलाई जीवन्त, सशक्त र क्रियाशील बनाएका छन् । सामाजिक विकासको सन्दर्भमा सहयोग अपरिहार्य शक्तिको प्रतीक हो भने संघर्ष शोषण, अत्याचार जस्ता सामाजिक विकृति, विसंगतिका विरुद्ध समाजलाई सचेत र उन्मुक्ति दिने औजार हो । समाजमा एक व्यक्ति वा व्यक्तिहरूले अर्को व्यक्ति वा व्यक्तिहरूको समस्याको समाधानका लागि निर्वाह गर्ने स्वेच्छिक र परोपकारी भूमिकाको नाम सहयोग हो ।

सहयोग मानिसभित्र सन्निहित पवित्र भावनाको स्वत:प्रस्फुटन पनि हो । कतिपय अवस्थामा सहयोगको याचना नै गर्नुपर्दैन स्वत: प्राप्त हुन्छ । उदाहरणका लागि बाढी, पहिरो, सवारी दुर्घटना, आगलागी आदि । सहयोगको लेनदेनबाट सामाजिक क्रियाकलापमात्रै बढ्दैनन् यसले व्यक्ति र समाजमा उत्साह, आत्मबल, अपनत्व, सद्भाव र सहानुभूतिको संस्कर एवं संस्कृति पनि बढ्छ । एकले अर्कोलाई गर्ने सहयोग र सहयोगी भावनाले समाजमा व्याप्त समस्याहरूको समाधान खोज्न मद्दत गर्छ । समस्याहरूको समाधानमा प्राप्त सहभागिताले साझा भावना र साझा दृष्टिकोणको विकास हुन्छ । सहयोगको आदानप्रदानको व्यवहार र संस्कृतिले व्यक्तिलाई समाजमा गोलबन्द हुन उत्प्रेरित मात्रै गर्दैन दिशानिर्देश पनि गर्दछ । व्यक्तिलाई समाजको सदस्यको रूपमा प्राप्त सहयोगले शक्ति प्राप्त हुन्छ साथै व्यक्तिले गौरवान्वित भएको अनुभूतिसमेत गर्छ ।

*सहयोग मानिसभित्र सन्निहित पवित्र भावनाको स्वत:प्रस्फुटन पनि हो । कतिपय अवस्थामा सहयोगको याचना नै गर्नुपर्दैन स्वत: प्राप्त हुन्छ । उदाहरणका लागि बाढी, पहिरो, सवारी दुर्घटना, आगलागी आदि । सहयोगको लेनदेनबाट सामाजिक क्रियाकलापमात्रै बढ्दैनन् यसले व्यक्ति र समाजमा उत्साह, आत्मबल, अपनत्व, सद्भाव र सहानुभूतिको संस्कर एवं संस्कृति पनि बढ्छ । एकले अर्कोलाई गर्ने सहयोग र सहयोगी भावनाले समाजमा व्याप्त समस्याहरूको समाधान खोज्न मद्दत गर्छ । समस्याहरूको समाधानमा प्राप्त सहभागिताले साझा भावना र साझा दृष्टिकोणको विकास हुन्छ । सहयोगको आदानप्रदानको व्यवहार र संस्कृतिले व्यक्तिलाई समाजमा गोलबन्द हुन उत्प्रेरित मात्रै गर्दैन दिशानिर्देश पनि गर्दछ ।*

समाज भनेको यस्तो सामाजिक समूह वा संगठन हो जसमा धेरै मानिसको सहकार्यमा समाजलाई व्यवस्थित बनाउने नियमलाई स्थापित गरी सँगै बस्न, सहकार्य गर्न अनुकूल वातावरण सिर्जना गर्दछन् । मानिसले समाजलाई व्यवस्थित गर्न लिखित वा अलिखित नियम अर्थात् रीतिथितिहरू सदियौंदेखि बसालेका छन् । सामाजिक रीतिस्थिति अनुसार चल्ने र व्यवहार गर्ने मानिसहरूको समूहको नाम नै समाज हो । मानवका अतिरिक्त अन्य प्राणी जगतको हकमा पनि समाज अस्तित्वमा रहेता पनि यस्तो समाज मानवको जस्तो व्यवस्थित र संरचित हुँदैन । समाज व्यक्तिबीच सम्बन्ध कायम गर्ने, समाजको अस्तित्व स्वीकार्न बाध्य पार्ने र व्यक्ति र समाजबीच सुमधुर सम्बन्ध कायम गर्ने थलो हो । सहयोगबिना सामाजिक र पारिवारिक जीवनको कल्पनासम्म गर्न सकिँदैन । मानिसको जन्मदेखि मृत्युसम्म पूरै जीवन सहयोग र अन्तरनिर्भरताका शृंखलाहरू हुन् । सहयोगको भावनाबाट प्रेरित भएर व्यक्तिले एकअर्कालाई सहयोग गर्ने व्यवस्था र अवस्था सिर्जना गरेर समाजलाई संगठित गर्न योगदान गर्दछ । समाजलाई संगठित र व्यवस्थित गर्ने मन्त्र वा सूत्र नै सहयोग हो । सहयोग सामाजिक जीवनको मूल स्तम्भ र समाज विकासको मूल सूत्र पनि हो । जन्मदेखि मृत्युसम्म मानिस एक अर्काको सहयोगमा आश्रित हुन्छ । सहयोगको आदानप्रदानबिना समाजमा व्यक्तिगत वा सामाजिक लक्ष्यहरू प्राप्त हुँदैनन् । सहयोगको प्रक्रिया र भावनाले आपसी मतभेद कम गर्न र एकताको भावनालाई विकसित गर्न मद्दत गर्छ ।

समाजका सदस्यहरूबीच पारस्परिक मित्रता, सहयोग, सद्भाव, भावनात्मक सम्बन्ध रहे तापनि व्यक्ति व्यक्तिबीच घृणा, स्वार्थ, लोभ, इर्ष्या, वैमनस्यता उत्पन्न हुने विषय स्वाभाविक प्रक्रियाभित्र पर्छ । समाज विकासको क्रममा बिस्तारै संघर्षको चरण आयो । सहयोग र संघर्ष यी दुबैले व्यक्तिलाई समाज निर्माणमा ऐक्यबद्ध गर्न खेलेको भूमिकाले सहयोग र संघर्ष अहिले समाजका अपरिहार्य विषय भए । तसर्थ समाजलाई सुव्यवस्थित गर्न केही नियम अलिखित हुँदाहुँदै समाजमा बस्ने सबैले पालना गर्न समाजले बाध्य बनाउँदै गर्दा समयक्रममा समाज स्वत: संगठित र व्यवस्थित हुँदै गयो । बिस्तारै अलिखित नियमहरूको उल्लंघन समाजका सदस्यको नजरमा अपमानजनक, निन्दनीय र सामाजिक अपराधका विषय बन्दै गए । समयक्रममा सुन्दर, व्यवस्थित, सभ्य समाजका लागि सद्भाव र सहयोगको आदानप्रदान अनिवार्य विषय बन्दैगए । सहयोग, सद्भाव, सहकार्य आदि जीवन र जगतलाई जोड्ने महत्वपूर्ण, सशक्त सूत्रहरू बने । सद्भाव, सहयोग र संघर्ष समाजशास्त्रीय अध्ययनका प्रमुख विषयप्रति अनुसन्धाताको ध्यान जान जरुरी छ । समाज युगौंयुगदेखि सामाजिक सम्बन्धको जालोमा अनुबन्धित हुँदै आएको छ । सामाजिक मूल्य र मान्यता समूहहरूद्वारा स्वीकार्य व्यवहारको साझा मानक हुन् । सहयोगको अपेक्षामा यदि कुठाराघात भयो भने यस्ता घटनाक्रमले मानिसभित्रका दुर्लभ हुँदै गएका आशाका सेलहरूलाई नकारात्मक प्रभाव निश्चित रूपमा पार्छ । जहाँ सहयोगका सेलहरू मर्छन् त्यहाँ आशाका सेल मर्न सुरुवात हुनु कुनै अनौठो होइन । मानिसभित्रका आशाका मौजुदा सेलहरूलाई मार्ने काम यदि कुनै समाजको सदस्यले गर्छ भने किन सहयोगको भिख माग्ने ? यसबारे प्रत्येक मानवले सोच्न बाध्य हुनुपर्छ । के मानव सहयोगबिना बाँच्न सक्छ ? किमार्थ सक्तैन । यस्तो वस्तुको लेनदेन र आदानप्रदानमा मानिस किन अनुदार ? सहयोग जसले गर्छ उसलेमात्र सहयोगको अपेक्षा गर्ने हैसियत राख्छ । सहयोग माग्नु भनेको आफूलाई निकम्मा बनाउने प्रयत्न जस्तै हुने अवस्था यदि सिर्जना हुन थाल्यो भने त्यो व्यक्तिको दुर्भाग्य नभएर समाजको दुर्भाग्य हो ।

जीवनमा सहयोगको माग जोकोहीले गर्दा पनि सक्नेसम्मको सहयोग भित्रैबाट आफ्नो बाहुबल र बुद्धिले नि:शर्त गर्दै आएको व्यक्तिले सहयोग अर्कोबाट पाएको अनुभूति गरेन भने उसको समेत सहयोगका सेललाई नष्ट गर्ने विषय सहयोगको आदानप्रदानको सम्बन्धमा गम्भीर विषय हो । कसैकसैलाई त नसोधिएका समस्यामा पनि सल्लाह दिएर अप्ठ्यारा समस्या फुकाइदिने व्यक्ति समाजमा छन् । आफूलाई पर्दा कसैबाट पनि सहयोगको सिन्कोसम्म सारेको अनुभव र अनुभूति नहुँदा आफूले सहयोगको लागि विगतमा निर्वाह गरेको भूमिका र समयप्रति पछुतो अनुभव भयो भने सहयोगको भावना उत्पन्न गर्ने सेलहरूमा नकारात्मक प्रभाव पार्छ । समाजमा सहयोगी भावनाप्रति धिक्कारको अनुभूति हुनु दुर्भाग्यपूर्ण भन्नुपर्छ ।

जीवधारीको स्वभाव नै अन्तरसम्बन्धित भएकाले सहयोगी भावना समाजमा घट्दैजानु भनेको मानिस समाजमा बसेर पनि एक्लै भएको अनुभव र अनुभूति हुने अवस्थाले समाज विकासको दिशामा अघि बढ्दैछ कि विनाशतिर भन्ने प्रश्न उब्जन्छ । समाजसँग सहयोगको भिख माग्नुभन्दा त्यो समस्याको पीडालाई सहनु, भोग्नु अझ बेस् भन्ने भावनाको समाजमा विकास भयो भने अन्तरनिर्भरताको संस्कार र संस्कृतिलाई धक्का पुग्छ । यस्तो अवस्थामा सहयोगको आदानप्रदानको युग कतै अन्त्य भएको होइन भन्ने प्रश्न समाजमा उपस्थित हुन्छ । चिनजानको हिसाबले सहयोग पाउँछु कि भन्ने सोच प्राय: सधैं गलत प्रमाणित भएको हुनाले अब जीवनमा सहयोग र त्यसको आकांक्षा भन्ने शब्दलाई आफ्नो शब्दकोषबाट हटाउँदा नै बेस हुने त होइन भन्ने भावना जाग्न किमार्थ दिनुहुँदैन ।

मानिस बलवान् हुँदैन समय बलवान् हुन्छ भन्ने बुढापाकाको भनाइ यस्तो अवस्थामा ठेस लाग्दो रहेछ । 'सुखमा सबै वरिपरि दु:खमा कोही हुँदैन भन्ने कठैबरी' जस्ता अभिव्यक्तिहरू बुढापाकाहरूको भोगाइ र खारिएको अनुभवका निचोड हुन् भन्ने सत्यलाई सबैले हेक्का गर्नुपर्ने हुन्छ । भनिन्छ, जहाँ संकटले घण्टी बजाउँछ त्यहाँ होसले काम गर्न इन्कार गर्छ । को वास्तविक सहयोगी हो ? को होइन भनेर कसी लगाउन पाउनु पक्कै नराम्रो होइन ।

त्यसैले बुढापाकाले सबै नराम्रो राम्राका लागि हुन्छ भनेका रहेछन् । शिक्षित र विकसित समाजको कुनै सदस्यले सहयोगापेक्षीको चाहना र भावनालाई तोलाको वचन खोलामा भन्ने उखान चरितार्थ हुने काम गर्न हुँदैन र गर्दैन पनि । यदि तोलाको वचन खोलामा जाने परिस्थिति विद्यमान रफयो भने समाजमा सहयोग, अपनत्व, सद्भाव र त्यागको बिउ नै मासिन्छ । त्यसपछि व्यक्ति र समाजको हविगत के होला ?

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : समयको तालमेल नमिल्दा कार्य अधुरो रहन सक्ला ।कामबाट जस पाइनेछैन्न्। | **तुला** : विद्यार्थीहरूलाई अध्ययनको सफलताले विदेशतिर जाने अवसर मिल्नेछ। |
| **वृष** : पिताको स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ। अध्ययनमा रुचि बढ्नेछ। | **वृश्चिक** : घरायसी कामले अप्ठ्यारो पार्न सक्छ।राज्यपक्षबाट सहयोग मिल्नेछ। |
| **मिथुन** :नयाँ बाटोहरू खुल्नेछन्। मित्रको सल्लाहले बिग्रेको काम बन्नेछ। | **धनु** : सरकारी क्षेत्रमा प्रभाव बढ्नेछ।वैदेशिक क्षेत्रबाट लाभ मिल्नेछ। |
| **कर्कट** : प्रेम सम्बन्धमा उत्पन्न भएका शंकाहरू समाप्त हुनेछ। | **मकर** : सन्तानको प्रगतिले मन प्रसन्न रहनेछ। समय अनुकूल रहनेछ। |
| **सिंह** : मिष्ठान भोजन मिल्नेछ । परिवार जनको साथमा रमाउँदा मनमा खुसी मिल्नेछ । | **कुम्भ** :परिवारमा कसैको स्वास्थ्य सम्बन्धित समस्याले गर्दा धन खर्चका योग छन्। |
| **कन्या** : साझेदारी व्यापारबाट लाभ मिल्ला।उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ। | **मीन** : पारिवारिक मनमुटाव सुल्झिनेछ। व्यापार व्यवसायमा लाभ मिल्नेछ। |

## कला मनोरञ्जन

# परेश रावललाई अक्षयले मागे २५ करोड जरिवाना

चलचित्र 'हेराफेरी ३' पछिल्लो समय चर्चामा छ । परेश रावलले यो फिल्ममा काम गर्न अस्वीकार गरेका छन् । यसैबीच अक्षय कुमारले आफ्नो प्रोडक्सन हाउस 'केप अफ गुड फिल्म्स' मार्फत परेश रावललाई कानूनी नोटिस पठाएको खबर छ । उक्त सूचनामा उनले फिल्मको छायांकन बीचमै छाडेर गैर-व्यावसायिक तरिका अपनाए बापत २५ करोड रुपैयाँ हर्जनाको माग गरेका छन् । उनले फिल्म 'हेराफेरी: ३' को राइट कानूनी रूपमा फिरोज नाडियाडवालाबाट किनेका थिए । एचटी रिपोर्टका अनुसार यस केससँग सम्बन्धित कानूनी स्रोतले भन्यो, 'परेश रावलले आफ्नो व्यावसायिक जिम्मेवारी राम्ररी पूरा गरेनन्। यदि उनी फिल्म गर्न चाहँदैनन् भने छायांकन सुरु हुनुभन्दा पहिले नै र पैसा खर्च हुनुअघि नै अस्वीकार गरिनुपर्थ्यो, अब समय आएको छ बलिउडमा पनि यो प्रस्ट हुनुपर्छ कि जसरी हलिउडमा हुन्छ, यहाँ पनि कसैले आफ्नो इच्छाले फिल्म छोड्न सक्दैनन् ।' यो चलचित्रका लागि उनले सामान्य पारिश्रमिकभन्दा तीन गुणा बढी पारिश्रमिक लिइरहेको स्रोतले जनाएको छ । मिडिया रिपोर्टका अनुसार फिल्म छाड्नुको कारण निर्मातासँगको रचनात्मक मतभेद रहेको बताइएको छ । यद्यपि पछि एक्समा एक पोस्ट साझा गर्दा अभिनेता रावलले भने, 'हेराफेरी ३' बाट पछि हट्ने मेरो निर्णय कुनै रचनात्मक भिन्नताका कारण होइन भन्ने स्पष्टसँग भन्न चाहन्छु । उद्योग विशेषज्ञहरू विश्वास गर्छन् कि २०२२ मा अक्षय कुमार पनि फिल्मबाट टाढा गएका थिए, जसका कारण दर्शकहरू निराश भएका थिए तर पछि उनी फिल्ममा फर्केका थिए।

*-हाम्राकुरा डटकम*

# 'जन्ते बाख्रो' को ट्रेलर सार्वजनिक

जेठ २३ गतेदेखि प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'जन्ते बाख्रो' को रमाइलो ट्रेलर सार्वजनिक गरिएको छ । सोमबार काठमाडौंमा एक कार्यक्रमकाबीच सार्वजनिक ट्रेलरमा लभस्टोरी र कमेडीको समिश्रण छ ।

ट्रेलरमा फिल्मका शीर्ष कलाकारहरू सौगात मल्ल, गरिमा शर्मा र आसिफ शाहबीचको कथा देखाइएको छ । कमल नामक अविवाहित युवकको भूमिकामा रहेका सौगात विवाहका लागि युवतिको खोजिमा छन् । संगैका साथीहरू बिदेशिए पनि उनी आृनी आमालाई छाडेर जान सकेनन् । त्यसैले उनी आमाको हेरचाह गर्ने युवतिको खोजीमा छन् । त्यसक्रममा उनी गरिमा शर्मा (सम्झना) सँग नजिक हुन्छन् ।उनीहरू एकअर्कालाई मन पराउन थाल्छन् । त्यही बीचमा प्रवेश हुन्छ अर्का कलाकार आसिफ शाहको । अब दुईको मायामा तगारोमाथि तगारो आइपर्छ ।

फिल्मको कथा यसमै अगाडि बढेको सार्वजनिक ट्रेलरबाट बुझ्न सकिन्छ । 'जन्ते बाख्रो' लाई सिमोस सुनुवारले निर्देशन गरेका हुन् भने यसको कथा, पटकथा र संवाद प्रदीप भारद्धाजले लेखेका हुन् । नेपाली समाजमा दुलही भित्र्याउने दिन खुवाइने भोजलाई जन्ते बाख्रो भन्ने गरिन्छ । सोही कथामा रहेर फिल्म बनेको निर्माणपक्षले जनाएको छ । फिल्ममा शीर्ष भूमिकामा सौगात मल्ल, आसिफ शाह र गरिमा शर्मा छन्। साथमा, लोकेन्द्र लेखक, विशाल पहाडी, रमा थपलिया, कमल देवकोटा, संगीता शर्मा, समापिका गौतम, रूषा न्यौपाने, कुसुम शर्मा, कुशल गजमेर लगायतको पनि अभिनय छ । मुईन इन्टरटेन्मेन्टको प्रस्तुति रहेको 'जन्ते बाख्रो' को निर्माता सन्तोष गौतम हुन् ।

फिल्ममा हरि हुँमागाईको डिओपी, उत्तम हुँमागाईको सिनेमाटोग्राफी, सुनिल शिवभक्तिको सम्पादन र रोयल भिमसेन (ट्राइडेन्ट कन्सेप्ट टिम) को पोस्टर डिजाइन छ । फिल्म नेपालसहित विदेशमा समेत एकसाथ प्रदर्शनमा आउने तयारीमा छ । यसलाई नेपालमा टिफल्क फिल्मस्ले वितरण गर्ने छ।

*-फिल्मी खबर डटकम*

## मदाने गाउँपालिकाको अनुरोध

- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
- जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।

| शालिकराम पन्थी | सरिता खड्का | महेन्द्र बहादुर कुँवर |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

मदाने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पुर्कोटदह, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

## मालिका गाउँपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।

| काशिराम पन्थी | उपेन्द्र अर्याल | देविराम अर्याल |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अर्खवाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

## धुर्कोट गाउँपालिकाको अनुरोध

- व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।

| ज्ञानुराम पन्थी | सीता गिरी | भुपाल पोखरेल |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

धुर्कोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बर्वोट,गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

## चन्द्रकोट गाउँपालिकाको अनुरोध

- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।

| बुद्ध प्रकाश पौडेल | विष्णु प्रसाद भण्डारी | युवराज खत्री क्षेत्री |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

चन्द्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

# रिब्दीकोटमा अध्यक्ष कप भलिबल र क्रिकेट प्रतियोगिता



**पाल्पा, जेठ १३**/जिल्लाको रिब्दीकोट गाउँपालिकामा तेस्रो अध्यक्षकप भलिबल तथा क्रिकेट प्रतियोगिता भएको छ । गाउँपालिकाको युवा तथा खेलकुद विकास समितिको आयोजनामा वडा नं. ३ माल्मुलस्थित रानीकुवाँ खेलमैदानमा प्रतियोगिता भएको हो ।

प्रतियोगितामा महिला तथा पुरुष भलिबल र पुरुष क्रिकेट भएको छ । प्रतियोगिताको गाउँपालिका अध्यक्ष नारायणबहादुर कार्कीले उद्घाटन गरेका हुन् । प्रतियोगिताको उद्घाटन गर्दै अध्यक्ष कार्कीले खेल क्षेत्रको विकासमा पालिकाले विशेष प्राथमिकता दिएको बताए । उनले आफूहरु निर्वाचित भएदेखि नै खेल मैदानहरुको स्तरउन्नति र नयाँ खेल मैदान निर्माण तथा विभिन्न प्रतियोगिता आयोजना गरेर युवालाई खेतप्रति आर्कषण गर्ने कार्य गर्दै उल्लेख गरे ।

उपाध्यक्ष कान्ता अधिकारीले राष्ट्रिय अन्तराष्ट्रियस्तरमा खेलाडी उत्पादनका लागि प्रतियोगिता महत्वपूर्ण रहने बताइन् । कार्यक्रममा नेकपा एमालेका विष्णु प्रसाद खनाल, नेकपा माओवादी केन्द्रका हरीबहादुर कुवंरले पालिकाले गरेको खेलको लगानीको सही तरिकाले सदुपयोग हुनुपर्ने बताए । प्रमुख प्रशासकीय अधिकृत मणीप्रसाद खनालले खेलका लागि पालिकाले जति महत्व दिएको छ सोही अनुरुप खेलाडीले आृनो प्रतिभा देखाउन आग्रह गरे । ३ का वडाध्यक्ष नारायण बहादर केसीले रानीकुवा खेल मैदानमा आगामी दिनहरुमा थप व्यवस्थापन गरेर अघि बढ्ने बताए ।

उनले खेलको क्षेत्रबाट समग्र पालिकाको विकासका लागि सबै लाग्नुपर्ने बताए । प्रतियोगितामा पुरुष भलिबलतर्फ ८ टीम र महिला भलिबलतर्फ ५ टीम सहभागी छन् । यस्तै क्रिकेटका लागि पालिका भित्रका सात टीम सहभागी रहेको प्रमुख प्रशासकिय अधिकृत खनालले बताए । खेलमा पुरुषतर्फ प्रथम हुने समूहले २५ हजार, दोस्रो हुनेले १५ हजार र तेस्रो हुने समूहले १० हजार नगदसहित मेडलर प्रमाणपत्र पाउने युवा तथा खेलकुद विकास समितिका अध्यक्ष झविन्द्र पचभैंयाले बताए ।

उनका अनुसार महिला भलिबलतर्फ प्रथम, दोस्रो र तेस्रो हुने समूहले क्रमश: दश हजार, ७ हजार र पाँच हजार नगदसहित मेडल र प्रमाणपत्र पाउने छन् ।

खेलकुद समाचार

## जुडोमा नेपाललाई ५ स्वर्णसहित १० पदक

**काठमाडौं, जेठ १३**/बंगलादेश क्रिरा सिखा प्रोतिष्ठान (बीकेएसपी) कप आमन्त्रण अन्तर्राष्ट्रिय जुडो च्याम्पियनसिपमा नेपाली खेलाडीले ५ स्वर्णसहित १० पदक जितेका छन्। नेपालले थप १ रजत र ४ कांस्य पनि जित्दै समग्रमा उपविजेता बन्यो। त्यसमा बन्दी सहायता नियोग (पाम) का खेलाडीले सर्वाधिक ४ स्वर्ण र १ कांस्य जिते । प्रतियोगितामा पामबाट ५ खेलाडी सहभागी भएकोमा सबैले पदक चुमे। पुरुष ६० केजीमुनि सविनकुमार दियाली र ६६ केजीमुनि विशेष विक तथा महिला ४८ केजीमुनि निशा श्रेष्ठ, ५२ केजीमुनि विनिता नेपाली र ५७ केजीमुनि पेमा याङजी शेर्पाले नेपाललाई स्वर्ण दिलाए। पुरुष ४५ केजीमुनि रिवाज लामा तामाङले रजत जिते । पुरुष ५५ केजीमुनि बुद्ध गुरुङ र ७३ केजीमाथि विज्ञान तिखत्री तथा महिला ४४ केजीमुनि समिता नेपाली र ६३ केजीमुनि रेखा श्रेष्ठले कांस्य हात पारे। प्रतियोगितामा नेपालबाट जम्मा १२ खेलाडी सहभागी थिए । ति मध्ये निशा, विनिता, पेमा, सविन र समिता पामका हुन् । प्रशिक्षकमा राधादेवी राई र लक्ष्मी तामाङ रहेका छन् ।

अर्थ/कर्पोरेट समाचार

## नेप्सेमा झिनो सुधार




**पाल्पा, जेठ १३**/सेयर कारोबार मापक नेप्से परिसूचकमा झिनो अंकले सुधार आएको छ । मंगलबार नेप्से परिसूचक शून्य दशमलव ८५ अंकले बढेर दुई हजार छ सय ७५ दशमलव ६२ को बिन्दुमा कायम भएको हो ।

तीन सय १८ कम्पनीको एक करोड ४२ लाख ९९ हजार तीन सय ९४ कित्ता शेयर ५९ हजार छ सय ३३ पटक खरिदबिक्री हुँदा छ अर्ब ५२ करोड ७८ लाख ३९ हजार पाँच सय ८१ बराबरको कारोबार भएको छ । कारोबारमा बैंकिङ शून्य दशमलव ४०, विकास बैंक एक दशमलव ६६, जलविद्युत् शून्य दशमलव १४, उत्पादन तथा प्रशोधन शून्य दशमलव २९, म्युचुअल फन्ड शून्य दशमलव १९ र व्यापार समूह शून्य दशमलव ९५ प्रतिशतले बढेको छ । अरू सबै समूहको उपसूचक घटेको छ । वित्त समूह शून्य दशमलव ६१, होटल तथा पर्यटन शून्य दशमलव ०९, लगानी शून्य दशमलव २६ र जीवन बीमा शून्य दशमलव ५४ प्रतिशतले घटेको छ । त्यस्तै, लघुवित्त एक दशमलव १३, निर्जीवन बीमा शून्य दशमलव ५५ र अन्य समूह शून्य दशमलव २० प्रतिशतले घटेको छ । कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेड, ओम मेगाश्री फर्मास्युटिकल्स लिमिटेड, ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड र भूगोल इनर्जी डेभलपमेन्ट बैंक लिमिलेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा भने गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य सात दशमलव ०९ प्रतिशतले घटेको छ । कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा सबैभन्दा धेरै युनिभर्सल पावर कम्पनी लिमिटेडको ६३ करोड ५८ लाख १९ हजार बराबरको १४ लाख ३४ हजार तीन सय ४१ कित्ता शेयर किनबेच भएको छ ।

# गाउँमा घर छन्, मान्छे...

...अहिले हरेक गाउँमा यातायात, बिजुली, खानेपानी, शिक्षा र स्वास्थ्य र सञ्चारमा समेत सुविधा बढ्दै गएको छ तर गाउँबाट सहर झर्नेहरू घटेका छैनन् । गाउँघरमै सिंहदरबार र दैलोमा स्थानीय सरकारको नारा चलिरहे पनि पहाडी जिल्लामा स्थानीय सरकारलाई पुरानो थाकथलो छोडेर शहर र तराईमा बसाइँसराइ गरेर जाने प्रवृत्ति रोक्न चुनौती बनेको छ । एक दशक अगाडिसम्म गाउँबाट बसाइँसराइ गरेर बजार झर्नेको संख्या न्यून थियो तर अहिले दिनप्रति दिन गाउँ छोड्नेको संख्या बढ्दो छ ।

पहिले गाउँमा विकास पुगेको थिएन, स्थानीय दु:ख गरेर पनि गाउँमै बस्थे । अहिले गाउँ-गाउँमा टोल-टोलमा विकास पुगेको छ, मान्छे छैनन् । गाउँमा ढुङ्गा, माटो र काठले चिटिक्क बनेका घर रित्तिएर सुनसान बन्दै गएका छन् । खेतीयोग्य जमिन वनमाराले ढाकिन थालेका छन् । पहिले गाउँमा एकै परिवारले सयौं वस्तुभाउ पाल्ने खेती किसानी गर्थे । सामान्य सेवा लिन दिनभरि लगाएर बजार धाउनुपर्थ्यो तर अहिले त्यो अवस्था हटे पनि गाउँमा मान्छे बस्न छोड्दै छन् । कुनै समय पाल्पाको नमुना गाउँ विकास समिति भनिने मदन पोखरा तानसेन नगरपालिकासँग जोडिएको छ । परिवारले खाएर पनि बेच्न पुगेका तरकारी फलफूल तथा खाद्यान्न उब्जिने बस्तीहरु पछिल्लो समयमा वन्यजन्तुले समेत राज गर्न थालेको पाइन्छ । यहाँका वस्ती पछिल्लो समय नगरपालिकासँग जोडिए पनि उजाडिदै गएका छन् । रोजगारीको अवसरका कारण बस्तीहरु उजाडिदै गएको स्थानीय हरिकला लुईंटेल बताउन्छिन् । बदेंल र बाँदरको त बथानै हिड्दा गाउँका बस्तीहरुमा बस्न डर लाग्दो भएको उनको भनाइ छ । अब गाउँमा बस्ने भनेको त अशक्त, बुढाबुढी अनि आर्थिक अवस्था कमजोर भएकाहरु मात्र भएको स्थानीय बेदप्रसाद न्यौपाने बताउन्छन् । गाउँबस्तीका घर आँगनमा मुख्य-मुख्य पर्वहरुमा समेत मानिसहरु देख्न कठिन भएको छ । पहिला-पहिला जस्तो गाउँ हराभरा छैन । अन्न बाली त परै जाओस् एक मुठी तरकारीका लागि पनि बजारको बाटो हेर्नु पर्ने बाध्यता छ ।

मुलुक संघीय संरचनामा प्रवेश गरेपछि निर्मित संरचनाले गाउँ बस्तीमा भौतिक पूर्वाधारको विकास तीव्र गतिमा भए पनि पछिल्ला वर्षहरुमा घनाबस्तीले भरिएको ठाउँमा विकासको उपयोग गर्ने व्यक्ति नै नभएको रिब्दीकोट गाउँपालिका मैनादीकी कल्पना नेपालले बताइन् । पहिले केही नहुँदा गाउँमा खेतीपाती, पशुपालन सबै थियो । अहिले बाटोघाटो छ, बत्ती छ तर मान्छे छैनन् । मानिसको बसोबास कम हुँदै गएपछि गाउँका घरहरुमा ताल्चा लगाइएको छ भने घरहरु जीर्ण बन्दै गएका छन् । पछिल्ला वर्षहरुमा गाउँ रित्तिदै शहर भरिँदै गएका छन् । सदरमुकाम तानसेन, दमकडा सराई खहरे, रामपुर बजारहरुमा जनघनत्व बढदै गइरहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार गाउँमा भन्दा शहरमा बसोबास गर्नेहरुको संख्या तीव्र गतिमा बढ्दो छ । देशको कुल जनसख्या दुई करोड ९९ लाख ६४ हजार ५ सय ८८ मध्ये नगर क्षेत्रमा बसोबास गर्नेको जनख्या एक करोड ९२ लाख ९६ हजार ७ सय ८८ र गाउँपालिकामा मात्र बसोबास गर्नेको जनसंख्या ९८ लाख ६९ हजार ७ सय ९० रहेको छ । अवसर र सुविधाको खोजीमा बसाइँसराइ गर्ने क्रम बढ्दा ग्रामीण क्षेत्र रित्तिइरहेका छन् । राष्ट्रिय जनगणना २०७८ अनुसार देशभर पाँच लाख बस्न योग्य घर रित्ता छन् । त्यसयताका पछिल्ला चार वर्षमा यो संख्या अझै बढेको छ । खेतीयोग्य जमिनको २५ प्रतिशत बाँझै छ । गाउँमा रोजगारी सिर्जना गर्ने, खानेपानी र स्वास्थ्यको व्यवस्था गर्ने र इन्टरनेटको सेवा विस्तार गर्न सके मात्र केही हदसम्म भए पनि बसाइँसराइ रोक्न सकिने तानसेन-१३ छेर्लुङ्गका समाजसेवी किशोर भट्टराईले बताए । "गाउँमा केही टाठाबाठाहरु हुँदा दु:ख, सु:खमा सहयोग हुने आस थियो, उनीहरू उठेपछि अरू पनि हिँड्न थालेका छन्," भट्टराईले भने, "गाउँका अगुवाले घर छाड्दा आश्रित पनि विस्थापित भएका छन् ।" गाउँको बसाइँसराई रोक्ने दिशामा स्थानीय सरकारको ध्यान दिनुपर्ने उनको भनाइ छ । भट्टराईले भने, "गाउँमा अब मलामी नै पाउन कठिन भएको छ । बिरामी भए उठाउने व्यक्ति नै छैनन् । गाउँका पुराना व्यक्तिहरु बस्ती छाडेर तराई झरे, केही बुटवल, काठमाडौँतिर लागे । गाउँ त खाली नै भयो । बनमाराले बारी ढाक्यो । परम्परागत खेती गर्दा वन्यजन्तुले खेती स्याहार्न दिँदैन । बस्तीमै जङ्गली जनावर आउन थालेकाले पशुपालन गर्न पनि सहज छैन ।" युवाहरुको पलायन रोक्न आगामी नीति तथा कार्यक्रममा कार्यक्रम बनाउने तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठले बताए । कृषिको हाटबजार स्थापना गर्ने, बजारको सुनिश्चित गराउने कामबाट युवा रोजगारी बढ्ने उनले विश्वास लिए । उनले भने, "अब जसरी हुन्छ, बसाइँसराइ रोक्नुपर्नेछ ।" मान्छेहरू अलिअलि पैसा कमाउन थाले भने बजार नै झर्ने गरेका छन्, बसाइँसराइ रोक्न स्थानीयलाई आयआर्जनसँग जोड्ने, पर्यटन प्रवर्द्धन गर्ने, उद्योगधन्दा सञ्चालन गर्ने, स्रोत साधानको पहिचान गरेर उपयोग गरी स्वरोजगार बनाउने कामतर्फ स्थानीय सरकारले ध्यान नदिने हो भने गाउँमा बूढाबूढीबाहेक अरू कोही पनि नहुने रिब्दीकोटका गोविन्द पोखरेलको भनाइ छ । उनले भने, "हिजो स्वास्थ्य, शिक्षा, विद्युत्लगायतका विकासका पूर्वाधारले नजोडिँदा गाउँमा बस्ने सबै बजार झर्ने गरेका छन्, बजारको जस्तो सेवासुविधा गाउँमा नपुऱ्याएसम्म बसाइँसराइ रोक्न गार्ह्रो देखिन्छ ।" बसाइँसराइ रोक्न र ग्रामीण बस्तीको रौनक पुन: ब्युँताउन स्थानीय सरकारहरूले विभिन्न सुविधा र सहुलियतमार्फत पहल नगरेका होइनन् । सहुलियत ऋृण तथा अनुदान, कृषिजन्य बीउ वितरण, बजार व्यवस्थापन, कृषिजन्य उत्पादन, भण्डारणजस्ता कार्यक्रममार्फत कृषकहरूलाई गाउँमा नै सहज वातावरण बनाउने प्रयास भएको छ । स्थानीय तहमा रोजगारीको पहिलो अवसर स्थानीय नागरिकलाई दिनेगरी प्राथमिकता समेत बनाइएको छ । स्थानीय सरकारहरूले विभिन्न आकर्षक योजनामार्फत सुविधा दिएर रोक्ने प्रयास त गरिरहेका छन्, तर तिनका प्रयासमात्रै पर्याप्त छैनन् । जबसम्म तीनै तहका सरकारले प्रभावकारी समन्वयमार्फत् रोजगार तथा आधारभूत सुविधाका लागि व्यवस्थित ढङ्गले काम गर्दैनन्, बसाइँसराइ र ग्रामीण बस्ती रित्तिने क्रम रोकिने छैनन् ।


## मनसुनजन्य विपद्बाट बच्ने उपाय

- आपतकालीन अवस्थामा चाहिने सामग्री सुरक्षित रुपमा भण्डारण गरौं,
- बाढीको सम्भावना भएको बेला सतर्क बनौं र सुरक्षित स्थानमा सरौं,
- पहिरो सम्भावित क्षेत्रमा सकेसम्म यात्रा नगरौं,
- घर बनाउँदा सुरक्षित स्थान, संरचना र प्रविधिको प्रयोग गरौं,
- आपतकालीन झोला (औषधि, पानी, टर्च, सञ्चारका साधनसहित) तयार राखौं,
- विपद् पूर्वतयारीसम्बन्धी तालिममा सहभागी बनौं,
- विपद्पछि भ्रम र डर नफैलाऔं, आधिकारिक सूचना मात्र अनुसरण गरौं,
- सामूहिक सहयोग, सजगता र तयारीले मात्र विपद्बाट हुने क्षति न्यूनीकरण गर्न सकिन्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित. कार्यालय:कैलाशनगर-५.तानसेन.पाल्पा.फोन:०७५-५२०६०१.E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९. पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई. सम्पादक: रामचन्द्र रायमाझी. प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई